# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

( आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रयमास - २०७७ असोज मसान्तको अपरिष्कृत वित्तिय विवरणको आधारमा)

**नेपाल राष्ट्र बैंक**

**लघुवित्त संस्था सुपरिवेक्षण विभाग**

**पुस, २०७७**

# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

## लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति


१. **लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा एक आपसमा लघुवित्त वित्तीय संस्थाहरुसंग गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति भए पश्चात विलय भई घट्दो क्रममा रहेपनि शाखाहरुको विस्तारको क्रम भने जारी नै रहेको छ।** २०७७ असार मसान्तसम्ममा ८४ वटा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा २०७७ असोज मसान्तसम्ममा उक्त संख्या घटी ७८ पुगेको छ । ७८ लघुवित्त वित्तीय संस्थाहरु मध्ये आरएमडिसी लघुवित्त, साना किसान लघुवित्त, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त र आरएसडिसी लघुवित्त वित्तीय संस्था गरी ४ वटा थोककर्जा प्रदायक लघुवित्त वित्तीय संस्था रहेका छन् भने बाँकी ७४ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु रहेका छन । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७७ असारको तुलनामा १.८२ प्रतिशतले वृद्धि भई ४०१८ पुगेको देखिन्छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या २.६४ प्रतिशतले वृद्धि भई ३१९ हजार, सदस्य संख्या ४.२६ प्रतिशतले वृद्धि भई ४,८८७ हजार, ऋणी संख्या ३.८० प्रतिशतले वृद्धि भई २,८८९ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा १९,०५८ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७७ असारमसान्तको तुलनामा ०.२२ प्रतिशतले बढी हो (तालिका १)।

**तालिका १: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३) *१०० |
| कुल संस्था संख्या | ९० | ८९ | ८४ | ७८ | -६.६७ | -७.१४ |
| कुल शाखा संख्या | ३५४७ | ३६९१ | ३९४६ | ४,०१८ | ११.२५ | १.८२ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | २७४ | २८७ | ३११ | ३१९ | १३.५० | २.६४ |
| कुल समूह संख्या (हजारमा) | ९२७ | ९६२ | १०४० | १,०७९ | १२.१९ | ३.७३ |
| कुल सदस्य संख्या (हजारमा) | ४३३१ | ४४६२ | ४६८७ | ४८८७ | ८.२२ | ४.२६ |
| कुल ऋणी संख्या (हजारमा) | २६८१ | २७५५ | २७८३ | २,८८९ | ३.८० | ३.७९ |
| कुल कर्मचारी संख्या | १७,३६२ | १८,३७९ | १९,०१७ | १९,०५८ | ९.५३ | ०.२२ |
| राष्ट्रिय स्तरका संस्था* | ४१ | ४१ | ४४ | ४८ | ७.३२ | ९.०९ |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | ४९ | ३६ | २५ | १५ | -४८.९८ | -४०.०० |
| प्रादेशिकस्तरका संस्था | | १२ | १५ | १५ | | |


**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ।*

चित्र १: लघुवित्त संस्था र शाखा संख्या




२. प्रदेशगत रुपमा हेर्दा सबभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको शाखा प्रदेश नं ५ मा रहेको देखिन्छ । २०७७ असोज मसान्तसम्ममा उक्त प्रदेशमा ९२४ वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संचालनमा रहेका छन् । तत्पश्चात लघुवित्त वित्तीय संस्थाहरुको धेरै शाखा भएको प्रदेशमा प्रदेश नं २ रहेको छ । सबभन्दा कम कर्णाली प्रदेशमा १८० वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा रहेका छन् ।

**चित्र २: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा**



## पुँजीकोष

३. **लघुवित्त वित्तीय संस्थाहरुको पूँजीकोष समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७७ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने बैधानिक प्रावधान रहेको छ । २०७७ असोज मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.९० प्रतिशत र १२.९४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पूँजी २०७७ असार मसान्तको तुलनामा २.२४ प्रतिशतले र जोखिम भारित सम्पति ८.४३ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः २५.८७ प्रतिशत र १६.३९ प्रतिशतले बढेको थियो (तालिका २)।

**तालिका २ः पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| चुक्ता पुँजी | १७०७.७८ | १७७४.१५ | २१४९.५३ | २१९७.६९ | २५.८७ | २.२४ |
| प्राथमिक पुँजी | २९९४.९६ | ३२४१.२६ | ३५११.७३ | ३७०६.५० | १७.२५ | ५.५५ |
| पुँजी कोष | ३२२२.८९ | ३४६९.३० | ३८२०.५१ | ४०२९.६५ | १८.५४ | ५.४७ |
| जोखिम भारित सम्पत्ति | २४६७५.७४ | २५९३८.२३ | २८७२०.२८ | ३११४१.५४ | १६.३९ | ८.४३ |
| प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१२.१४** | **१२.५०** | **१२.२३** | **११.९०** | | |
| पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१३.०६** | **१३.३८** | **१३.३०** | **१२.९४** | | |

## वित्तीय स्रोत संकलन

४.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले सापटी रकममा ह्रास आएको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत पूँजी र सापटी रहेको छ । २०७७ असोज मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले ३४ अर्ब ०६ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन २०७७ असार मसान्तको तुलनामा ०.७९ प्रतिशतको ह्रास रहेको छ, आर्थिक बर्ष २०७६/७७ को सोही अवधिमा भने वित्तीय स्रोत संकलन ९.९३ प्रतिशतले बढेको थियो । २०७७ असोज मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ५.१८ गुणासम्म पुगेको छ (तालिका ३)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका ३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | ० | - | - | - | - | - |
| (ख) सापटी | ३१२३.४५ | ३,४८५.४५ | ३,४३३.६२ | ३,४०६.३९ | ९.९३ | -०.७९ |
| **कुल वित्तीय स्रोत संकलन** | **३१२३.४५** | **३,४८५.४५** | **३,४३३.६२** | **३,४०६.३९** | ९.९३ | -०.७९ |
| प्राथमिक पुंजी (अघिल्लो त्रयमास) | ५४७.४६ | ५७९ | ६२४.०६ | ६५७.४२ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुंजी अनुपात (गुणा) | ५.७१ | ६.०२ | ५.५० | ५.१८ | | |

४.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले निक्षेप संकलन र सापटी रकम बढाएका छन् ।** २०७७ असोज मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप तथा बचत संकलन रू. १ खर्ब १२ अर्ब ९३ करोड र सापटी रू. १ खर्ब २५ अर्ब ४८ करोड गरी जम्मा रू. २ खर्ब ३८ अर्ब ४१ करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र प्राप्त सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७६/७७ को पहिलो त्रयमाससम्म क्रमश २३.९६ र १३.१३ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा निक्षेप संकलन र प्राप्त सापटी रकम क्रमश ६.३९ र १६.४५ प्रतिशतले बढेको छ । २०७७ असोज मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ८.३५ गुणासम्म पुगेको छ (तालिका ४)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका ४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | ८५६३.१९ | ९,१४५.५७ | १०,६१५.०२ | ११,२९३.३५ | २३.९६ | ६.३९ |
| (ख) सापटी | ९५२४.७७ | १०,१६२.५८ | १०,७७५.६० | १२,५४७.७९ | १३.१३ | १६.४५ |
| **कुल वित्तीय स्रोत संकलन** | **१८०८७.९६** | **१९,३०८.१५** | **२१,३९०.६२** | **२३,८४१.१४** | १८.२६ | ११.४६ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | २१२६.१७ | २,४१५.९६ | २,७८३.८३ | २,८५४.३१ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **८.५१** | **७.९९** | **७.६८** | **८.३५** | | |

## कर्जा तथा सापट

**५.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी रकममा ह्रास आएको छ भने निष्कृय कर्जाको अनुपातमा वृद्धि भएको छ।** थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७७ असारको तुलनामा ४ प्रतिशतले कमि रही २०७७ असोज मसान्तमा रू. ३६ अर्ब ४२ करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटीमध्ये निष्कृय कर्जा रु. २० करोड अर्थात ०.५५ प्रतिशत मात्र रहेको छ । २०७७ असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.४० प्रतिशत रहेको थियो भने २०७६ असोज मसान्तमा यस्तो अनुपात ०.०७ प्रतिशत मात्र रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ३०.९९ प्रतिशत छ भने सक्रिय कर्जा ४.१४ प्रतिशतले घटेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिमा २.७५ प्रतिशतले बढेको थियो (तालिका ५) ।

**तालिका ५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा )**

(रु. करोडमा)

| **कर्जा विवरण** | **२०७६ असार (१)** | **२०७६ असोज (२)** | **२०७७ असार (३)** | **२०७७ असोज (४)** | **प्रतिशत परिवर्तन** | |
|---|---|---|---|---|---|---|
| | | | | | **(२-१)/(१)*१००** | **(४-३)/३)*१००** |
| सक्रिय कर्जा | ३६७७.३१ | ३,६२६.७२ | ३,७७८.५९ | ३,६२१.९७ | २.७५ | -४.१४ |
| निष्क्रिय कर्जा | १.५४ | २.३९ | १५.३२ | २०.०७ | ८९५.१३ | ३०.९९ |
| **कुल कर्जा तथा सापट** | **३६७८.८५** | **३,६२९.१२** | **३,७९३.९१** | **३,६४२.०४** | ३.१३ | -४.०० |
| निष्क्रिय कर्जा अनुपात | **०.०४** | **०.०७** | **०.४०** | **०.५५** | | |

**५.२ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकम र निष्कृय कर्जाको अनुपात बढेको छ ।** खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७७ असारको तुलनामा ८.१६ प्रतिशतले बढेर २०७७ असोज मसान्तमा रू. २ खर्ब ४७ अर्ब २६ करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. ९ अर्ब ८१ करोड अर्थात ३.९७ प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा निष्कृय कर्जाको अनुपात २.३४ प्रतिशत रहेको थियो भने २०७६ असोज मसान्तमा यस्तो अनुपात १.४४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ८६.७३ प्रतिशत छ, भने सक्रिय कर्जाको वृद्धिदर ८.१६ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा १२ प्रतिशतले बढेको थियो (तालिका ६) ।

**तालिका ६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा )**

(रु. करोडमा)

| **कर्जा विवरण** | **२०७६ असार (१)** | **२०७६ असोज (२)** | **२०७७ असार (३)** | **२०७७ असोज (४)** | **प्रतिशत परिवर्तन** | |
|---|---|---|---|---|---|---|
| | | | | | **(२-१)/१) *१००** | **(४-३)/३)*१००** |
| सक्रिय कर्जा | १९६०१.९४ | २०,५०८.०७ | २१,९५३.८९ | २३,७४४.५२ | १२.०० | ८.१६ |
| निष्क्रिय कर्जा | २३४.५५ | ३००.०० | ५२५.४२ | ९८१.१२ | १२४.०१ | ८६.७३ |
| **कुल कर्जा तथा सापट** | **१९८३६.४९** | **२०,८०८.०७** | **२२,४७९.३१** | **२४,७२५.६४** | १३.३२ | ९.९९ |
| निष्क्रिय कर्जा अनुपात | **१.१८** | **१.४४** | **२.३४** | **३.९७** | | |

**६. लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा रकम २०७७ असोज मसान्तमा रु. २ खर्ब ८३ अर्ब ६८ करोड मध्ये रु. १ खर्ब २० अर्ब ३० करोड अर्थात ४२.४१ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७७ असार मसान्तमा कृषि क्षेत्रमा रु. १ खर्ब १० अर्ब ७८ करोड अर्थात ४२.१६ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा २.८४ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३४.८५ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको हिस्सा १२.८४ प्रतिशत रहेको छ(तालिका ७)।

**तालिका ७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

| कर्जा विवरण | २०७६ असार ( रु. करोडमा ) | २०७६ असार ( प्रतिशत ) | २०७६ असोज ( रु. करोडमा ) | २०७६ असोज ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | ११०७७.९७ | ४२.१६ | १२०२९.७० | ४२.४१ |
| घरेलु तथा लघु उद्योग | ७५५.५८ | २.८८ | ८०४.७७ | २.८४ |
| सेवा व्यावसाय | ८८६९.४७ | ३३.७६ | ९८८७.१७ | ३४.८५ |
| थोक कर्जा | ३७९३.९१ | १४.४४ | ३६४२.०७ | १२.८४ |
| अन्य | १७७६.२९ | ६.७६ | २००३.९८ | ७.०६ |
| **जम्मा** | **२६२७३.२३** | **१००.००** | **२८३६७.६९** | **१००.००** |

**७.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था घटेको छ ।** २०७७ असोज मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७७ असार मसान्तको तुलनामा ०.७२ प्रतिशतले घटेर रू. ७२ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. २१ करोड (२८.३० प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ५४.९० प्रतिशतले बढेको थियो (तालिका ८)।

**तालिका ८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ४५.६७ | ४४.६८ | ५८.५९ | ५१.९५ | २८.२८ | -११.३२ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १.४५ | १.४९ | १४.४० | २०.५१ | ८९३.३८ | ४२.४० |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **४७.१२** | **४६.१६** | **७२.९९** | **७२.४७** | ५४.९० | -०.७२ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.२८** | **१.२७** | **१.९२** | **१.९९** | | |

७.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७७ असार मसान्तको तुलनामा १७.९० प्रतिशतले बढेर रू. ८ अर्ब १४ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. ४ अर्ब ६२ करोड (५६.७३ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ९५.०४ प्रतिशतले बढेको थियो (तालिका ९)।

**तालिका ९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | १८३.७३ | १९१.५३ | ३८२.७५ | ३५२.२७ | १०८.३२ | -७.९६ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १७०.३१ | २०२.५० | ३०७.७८ | ४६१.८६ | ८०.७२ | ५०.०६ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **३५४.०४** | **३९४.०३** | **६९०.५३** | **८१४.१३** | ९५.०४ | १७.९० |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.७८** | **१.८९** | **३.०७** | **३.२९** | | |

८. **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जाको अंश बढेको छ भने लघु व्यवसाय कर्जाको अंश घटेको छ ।** २०७७ असोज मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासंग कुल कर्जा तथा सापटको अनुपात १९.११ प्रतिशत रहेको छ । यस्तो अनुपात २०७७ असार मसान्तमा १८.५३ प्रतिशत र २०७६ असोज मसान्तमा १७.५७ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश पनि २०७७ असारमा ७५.८२ प्रतिशत रहेकोमा २०७७ असोजमा ७४.९२ प्रतिशत पुगेको छ (तालिका १०)।

**तालिका १०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | ३३१३.४२ | ३६५६.२३ | ४१६४.४३ | ४७२५.६० | २५.६८ | १३.४८ |
| लघु व्यवसाय कर्जा | १५३०७.५६ | १५९७६.१९ | १७०४२.७४ | १८५२४.४५ | ११.३४ | ८.६९ |
| अन्य कर्जा | १२१५.५१ | ११७५.६४ | १२७२.१४ | १४७५.५७ | ४.६६ | १५.९९ |
| कुल कर्जा तथा सापट प्रदान | १९८३६.४९ | २०८०८.०७ | २२४७९.३१ | २४७२५.६२ | १३.३२ | ९.९९ |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **१६.७०** | **१७.५७** | **१८.५३** | **१९.११** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | **७७.१७** | **७६.७८** | **७५.८२** | **७४.९२** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **६.१३** | **५.६५** | **५.६६** | **५.९७** | | |

## लगानी

९. **लघुवित्त वित्तीय संस्थाहरूले लगानीमा पनि उल्लेख्य वृद्धि गरेका छन् ।** २०७७ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. १४ अर्ब ३ करोड पुगेको छ, जुन २०७७ असारको तुलनामा ३७.५६ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी २९६.२९ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्दती निक्षेपमा २०७७ असोजसम्म रु. १२ अर्ब ५० करोड राखेका छन् जुन रकम २०७७ असारको तुलनामा ३२.४० प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्दती निक्षेपमा राखेको रकम ५२४.५५ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूको समीक्षा अवधिमा सरकारी सुरक्षणपत्रमा गरेको लगानी बढेको भएतापनि शेयर तथा डिवेन्चरमा गरेको लगानी भने घटेको देखिन्छ (तालिका ११)।

**तालिका ११: लगानी विवरण**

(रु. करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| सरकारी सुरक्षणपत्र | ३०.९९ | ३३.८३ | ४६.५६ | ४६.५९ | ५०.२३ | ०.०८ |
| शेयर तथा डिवेन्चर | २४.९९ | २३.९० | २४.२१ | १३.६८ | -३.१० | -४३.४९ |
| मुद्दती निक्षेप | १५१.११ | ५९२.५३ | ९४३.७६ | १२४९.५८ | ५२४.५५ | ३२.४० |
| अन्य लगानी | ५०.२८ | ६९.८३ | ५.४१ | ९३.२१ | -८९.२५ | १६२४.३५ |
| **जम्मा लगानी** | **२५७.३७** | **७२०.०९** | **१०१९.९४** | **१४०३.०७** | २९६.२९ | ३७.५६ |

## जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

१०. **लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पति र जोखिम भारित सम्पति दुवै उल्लेख्य दरले बढेको छ ।** २०७७ असोज मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ३ खर्ब ४८ अर्ब ७ करोड पुगेको छ । यो २०७७ असार मसान्तको रु. ३ खर्ब १७ अर्ब ५२ करोडको तुलनामा ९.६२ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति १८.०१ प्रतिशतले बढेको थियो । २०७७ असोज मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ८९.४७ प्रतिशत रहेको छ जुन २०७७ असार मसान्तमा ९०.४५ प्रतिशत रहेको थियो । (तालिका १२)।

**तालिका १२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| कुल सम्पत्ति | २६९०५.०७ | २९७६९.१७ | ३१७५१.८८ | ३४८०६.५० | १८.०१ | ९.६२ |
| जोखिम भारित सम्पत्ति | २४६७५.७४ | २५९३८.२३ | २८७२०.२८ | ३११४१.५४ | १६.३९ | ८.४३ |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **९१.७१** | **८७.१३** | **९०.४५** | **८९.४७** | | |

## मुनाफा स्थिति

**११.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी अघिल्लो आर्थिक वर्षको प्रथम त्रयमासको तुलनामा सामान्य वृद्धि भएको छ** । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रयमाससम्ममा ब्याज आम्दानी रु. ९३ करोड र ब्याज खर्च रु. ४७ करोड रहेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. २६ करोड खुद मुनाफा गरेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा २६ करोड नैं रहेको थियो । (तालिका १३) ।

**तालिका १३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| ब्याज आम्दानी | ५२७.८ | ११०.९१ | ४५२.८९ | ९३.०६ | -१४.१९ | -७९.४५ |
| ब्याज खर्च | ३५४.१८ | ६७.८७ | २५२.५७ | ४६.९५ | -२८.६९ | -८१.४१ |
| संचालन आम्दानी | १८६.३७ | ४६.१७ | २१०.८२ | ४८.६५ | १३.१२ | -७६.९२ |
| खुद नाफा/नोक्सान | १०२.०६ | २६.१२ | १०५.२६ | २५.८५ | ३.१३ | -७५.४५ |

**११.२ समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद नाफा अघिल्लो आर्थिक वर्षको प्रथम त्रयमासको तुलनामा उल्लेख्य दरमा घटेको छ** । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को प्रथम त्रयमाससम्ममा खुद मुनाफा रु. १ अर्ब ७१ करोड रहेकोमा यस आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा १ अर्ब १६ करोड मात्र रहेको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रयमाससम्ममा ब्याज आम्दानी रु. ८ अर्ब ९२ करोड र ब्याज खर्च रु. ४ अर्ब ५ करोड रहेको छ (तालिका १४)। यस अवधिमा सञ्चालित ७४ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये १२ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका १४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| ब्याज आम्दानी | २७६४.९३ | ९६५.५९ | ३६६३.७७ | ८९२.२५ | ३२.५१ | -७५.६५ |
| ब्याज खर्च | १४२०.७७ | ४९३.०८ | १९३४.१६ | ४०४.७९ | ३६.१३ | -७९.०७ |
| संचालन आम्दानी | १८११.९४ | ६११.३३ | २१६३.३४ | ६१७.०५ | १९.३९ | -७१.४८ |
| खुद नाफा/नोक्सान | ५४२.६७ | १७१.२३ | ४२९.४६ | ११५.६१ | -२०.८६ | -७३.०८ |

## तरलता स्थिति

१२.१ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति घटेको छ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७७ असोज मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०७७ असारको तुलनामा १६.९१ प्रतिशतले ह्रास भई रु. ५ अर्ब ४३ करोड पुगेको छ।

**तालिका १५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

(रू. करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| नगद | २.७१ | ५.८४ | ३.७६ | ७.०६ | ३८.६१ | ८७.९७ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ७६.९४ | ७९.१७ | ८४.३८ | ८५.३८ | ९.६७ | १.१९ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ४७७.४ | ४०६.६१ | ५१८.७० | ४०३.८४ | ८.६५ | -२२.१४ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ३०.९९ | ३३.८३ | ४६.५६ | ४६.५९ | ५०.२३ | ०.०८ |
| **कुल तरल सम्पत्ति** | **५८८.०४** | **५२५.४५** | **६५३.३९** | **५४२.८८** | **११.११** | **-१६.९१** |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | २४१८.५१ | २,६४३.६३ | ३,०८९.९० | ३,२००.७६ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | ११७२.८९ | १,२१७.६० | १,१५०.९४ | १,१०१.९७ | | |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **२४.३** | **१९.८८** | **२१.१५** | **१६.९६** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **१६.३७** | **१३.६१** | **१५.४१** | **१२.६२** | | |
| वैधानिक तरलता अनुपात | **४.३** | **४.४१** | **४.३१** | **४.२८** | | |
| अनिवार्य मौज्दात अनुपात | **२.५५** | **२.८५** | **२.७१** | **२.४०** | | |

२०७७ असोज मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात १६.९६ प्रतिशत रहेको छ। २०७६ असोज र २०७७ असार मसान्तमा यस्तो अनुपात क्रमशः १९.८८ प्रतिशत र २१.१५ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ असोज महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.२८ प्रतिशत र २.४० प्रतिशत रहेको छ (तालिका १५) । समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढि नैं रहेको छ।

**१२.२ सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थितिमा क्रमिक सुधार आएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ असोज मसान्तमा तरल सम्पत्ति २०७७ असारको तुलनामा १७.८३ प्रतिशतले वृद्धि भई रु. २८ अर्ब ६५ करोड पुगेको छ । २०७७ असोज मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात ३८.६४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा बित्तीय संस्था मौज्दात बढाएको कारण कुल तरल सम्पतिमा उच्च वृद्धि देखिन्छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ असोज महिनाको अनिवार्य मौज्दात अनुपात ०.६७ प्रतिशत रहेको छ (तालिका १६) । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको दर भित्रै रहेको छ ।

**तालिका १६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)**

(रू. करोडमा)

| विवरण | २०७६ असार (१) | २०७६ असोज (२) | २०७७ असार (३) | २०७७ असोज (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| नगद | १८.६९ | २६.४१ | ३४.१९ | ३४.३८ | ८२.९४ | ०.५५ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ४६.०३ | ४८.७३ | ५५.११ | ५६.५४ | १९.७४ | २.५९ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | १३०८.९२ | १,९८४.७६ | २,३४१.८४ | २,७७३.७० | ७८.९१ | १८.४४ |
| सरकारी सुरक्षणपत्रमा लगानी | - | - | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | **१३७३.६४** | **२०५९.८९** | **२४३१.१४** | **२८६४.६२** | ७६.९९ | १७.८३ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ५३२१.९२ | ५,९१९.५६ | ७,३१४.०० | ७,४१४.२६ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १०६६५.४५ | ११,४३०.६२ | १३,३५६.५७ | १३,१०७.२६ | | |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **२५.८१** | **३४.८०** | **३३.२४** | **३८.६४** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **८.५९** | **११.८७** | **११.७६** | **१३.९६** | | |
| अनिवार्य मौज्दात अनुपात | **०.६७** | **०.६६** | **०.७८** | **०.६७** | | |

## १३. कोभिड–१९ को लघुवित्त वित्तीय संस्थाहरुमा परेको प्रभाव

विश्वव्यापि महामारीको रुपमा रहेको कोभिड–१९ को संक्रमणका कारण विश्व अर्थतन्त्रनै प्रभावित बनेको छ । लघुवित्त संस्थाहरुको निक्षेप संकलन २०७६ चैत्रमा रु. १ खर्ब २ ४५ अर्ब ८ करोड रहेकोमा २०७७ असार मसान्तसम्म रु. १ खर्ब ६ अर्ब १५ करोड पुगेको देखिन्छ तर निक्षेप संकलन भने २०७७ असोज मसान्तमा भने २०७७ असारको तुलनामा ६.३९ प्रतिशतले बृद्धि भई रु. १ खर्ब १२ अर्ब ९४ करोड पुगेको देखिन्छ ।

लघुवित्त संस्थाहरुको असुल गर्न बाँकी ब्याज रकम २०७६ चैत्र मसान्तमा रु. ४ अर्ब ३७ करोड रहेकोमा २०७७ असोज मसान्तसम्ममा उक्त रकम भने रु. ४ अर्ब मात्र रहेको देखिन्छ । लघुवित्त वित्तीय संस्थाहरुको कर्जा नोक्सानि व्यवस्था २०७६ चैत्र मसान्तमा रु.

५ अर्ब ५३ करोड रहेकोमा २०७७ असोज मसान्तसम्ममा उक्त रकम बृद्धि भई रु. भने रु.८ अर्ब ८७ करोड पुगेको देखिन्छ । २०७६ चैत्र मसान्तमा १५ लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेकोमा २०७७ असोज मसान्तमा उक्त संख्या घटेर १२ पुगेको छ ( तालिका १७)।

**तालिका १७: लघुवित्त संस्थाहरुको प्रमुख वित्तीय स्थिति विवरण (त्रयमासिक)**

(रकम रु. करोड)

| | | | | फरक | फरक ( % ) | फरक | फरक ( % ) |
|---|---|---|---|---|---|---|---|
| | २०७६ चैत | २०७७ असार | २०७७ असोज | चैत–असार | चैत–असार | असार–असोज | असार–असोज |
| **चुक्ता पूँजी** | २०७६.१० | २१४९.५३ | २१९७.६९ | ७३.४३ | ३.५४ | ४८.१६ | २.२४ |
| **पुजीकोष** | ३६५६.६२ | ३८२०.५१ | ४०२९.६५ | १६३.८९ | ४.४८ | २०९.१४ | ५.४७ |
| **निक्षेप** | १०४०३.९० | १०६१५.०२ | ११२९३.३५ | २११.१२ | २.०३ | ६७८.३३ | ६.३९ |
| **सापटी** | १४५०७.५१ | १४२०९.२३ | १५९५४.१८ | –२९८.२८ | –२.०६ | १७४४.९५ | १२.२८ |
| क. नेपाल राष्ट्र बैंकबाट सापटी | १.२८ | ०.८२ | ०.८२ | –०.४६ | –३५.९४ | ०.०० | ०.०० |
| ख. अन्य सापटी | १४५०६.२३ | १४२०८.४१ | १५९५३.३६ | –२९७.८२ | –२.०५ | १७४४.९५ | १२.२८ |
| **कूल तरल सम्पत्ति** | ३४४९.८९ | ४०२८.५० | ४६५७.०८ | ५७८.६१ | १६.७७ | ६२८.५८ | १५.६० |
| क. नगद मौज्दात | ३७.७७ | ३७.९५ | ४१.४४ | ०.१८ | ०.४८ | ३.४९ | ९.२० |
| ख. बैंक मौज्दात | १३१४.७२ | १६८७.२९ | १९८४.१० | ३७२.५७ | २८.३४ | २९६.८१ | १७.५९ |
| ग. मागेको बखत प्राप्त हुने रकम | १०७७.७५ | १३१२.७४ | १३३५.३७ | २३४.९९ | २१.८० | २२.६३ | १.७२ |
| घ. ऋणपत्रमा लगानी | ३५.९४ | ४६.७६ | ४६.५९ | १०.८२ | ३०.११ | –०.१७ | –०.३६ |
| ङ. मुद्दती निक्षेपमा गरेको लगानी | ९८३.७१ | ९४३.७६ | १२४९.५८ | –३९.९५ | –४.०६ | ३०५.८२ | ३२.४० |
| **कूल कर्जा तथा सापट** | २६६९८.२४ | २६२७३.२२ | २८३६७.६९ | –४२५.०२ | –१.५९ | २०९४.४७ | ७.९७ |
| क. संस्थागत | ३९२८.४२ | ३७९३.९१ | ३६४२.०४ | –१३४.५१ | –३.४२ | –१५१.८७ | –४.०० |
| ख. व्यक्तिगत | २२७६९.८२ | २२४७९.३१ | २४७२५.६५ | –२९०.५१ | –१.२८ | २२४६.३४ | ९.९९ |
| **नाफा/नोक्सान** | ४८२.३९ | ५३४.७२ | १४१.४६ | ५२.३३ | १०.८५ | –३९३.२६ | –७३.५५ |
| **नोक्सानमा रहेका संस्था संख्या** | १५.०० | ९.०० | १२.०० | –६.०० | –४०.०० | ३.०० | ३३.३३ |
| **असुल गर्न बाँकी व्याज** | ४३६.६७ | ४०३.९१ | ३९९.८६ | –३२.७६ | –७.५० | –४.०५ | –१.०० |
| **कर्जा नोक्सानि व्यवस्था** | ५५३.०९ | ७६३.५२ | ८८६.६० | २१०.४३ | ३८.०५ | १२३.०८ | १६.१२ |